# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

## प्रदेश-१ धरान, सुनसरी

## चौत्तिसौ नगर कार्यपालिका वैठक

आज मिति २०७६ असार ९ बजे दिउसो १ बजे धरान उपमहानगरपालिकाको ३४ औं नगर कार्यपालिकाको वैठक कार्यवहाक नगर प्रमुख मञ्जु भण्डारी सुवेदीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितीः

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री मञ्जु भण्डारी सुवेदी | का. वा. नगर प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ३. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ४. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ५. | श्री मान बहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ६. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ७. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ८. | श्री जिवनराज सुवेदी | का. वा. वडा अध्यक्ष | धरान-७ | |
| ९. | श्री रुद्रबहादुर लिम्बु | वडा अध्यक्ष | धरान-८ | |
| १०. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| ११. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १२. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १३. | श्री टंक बहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १४. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १५. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १६. | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १७. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १८. | श्री सूर्य बहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| १९. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २०. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २१. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २२. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २३. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २४. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री गिता पाख्रिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २६. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २७. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २८. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २९. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |

| क.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| ३०. | श्री विनोद कुमार पोखरेल | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| ३१. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

बैठकमा छलफल र निर्णय भएका विषयहरु —

(१) आ. व. २०६६।०६७ को नीति कार्यक्रम तथा बजेट सम्बन्धमा :

→ आ. व. २०६६।०६७ का लागि नीति कार्यक्रम तथा बजेट तर्जुमा समितिले तयार गरि मिति २०६६।३।२८ गतेको कार्यपालिका बैठकमा छलफल हुँदा आएका सुझावहरुलाई समावेशगरी अन्तिमरुपदिन नीति कार्यक्रम तथा बजेट समितिलाई जिम्मेवारी दिइएको उक्त समितिको बैठकबाट तपशिल अनुसार संशोधन गरी स्वीकृतिका लागि सिफारिस गरेको मा स्वीकृत गरी आगामी नगरसभामा पेशगर्ने निर्णय गरियो -

(क) स्वीकृत नीति कार्यक्रम तथा बजेट पछाडि टाँस गरी प्रमाणित गरिएको छ।

• तपशिल :-

(क) बालबालिका लक्षित कार्यक्रममा बालमैत्री उद्यान बनाउन रु २५००००। थप

(ख) आदिवासी जनजाति विकास समितिमा रु १००००००। थप गर्ने ।

(ग) दलित विकास समितिमा ——— रु २०००००। थप गर्ने ।

(ङ) लिलाध्वज सुब्बा स्मृति प्रतिष्ठान भवन निर्माण रु ५०००००।- विनियोजन

(च) धरान-१६, इलाका प्रहरी, हिरासत भवन निर्माण रु ८०००००।- "

(छ) धरान-८, बौद्ध दाहसंस्कार स्थल स्तरउन्नती रु १००००००।- "

(ज) धरान-१४, बहुजातिय संग्राहलय निर्माणकालागि रु २००००००।- " गर्ने

(२) आर्थिक विधेयक, विनियोजन विधेयक, राजस्व परामर्श समितिको प्रतिवेदन, न्यायिक समितिको प्रतिवेदन र सार्वजनिक लेखा समितिको प्रतिवेदन स्वीकृतिको लागि आगामी नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

(३) कार्यपालिका सदस्यहरुको सेवा सुविधा सम्बन्धमा :

→ कार्यपालिकाका सदस्यहरुले विगतमा कार्यपालिकाको निर्णय अनुसार भुक्तानी लिएको पारिश्रमिक तथा सुविधा प्रदेश कानुनले तोके भन्दा बढी भएकोले यसरी बढी भुक्तानी भएको रकम चालु आ. व. २०६५।०६६ सम्मको चौमासिकले फिर्ता गरिँदै आएकोमा चालु आ.व. मा बाहेक फिर्ता असुली नगर्ने र मिनाहा गर्ने नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

(४) कर्मचारी दरबन्दी सम्बन्धमा :

→ यस उप-महानगरपालिकाकालागि आ. व. २०६६।०६७ का लागि सार्वजनिक सेवा तथा संस्थागत क्षमता विकास समितिको सिफारिस सहितका आधारमा विभिन्न तह तथा पदगरी कुल ४६२ दरबन्दी स्वीकृतिकालागि नगरसभामा पेशगर्ने निर्णय गरियो। स्वीकृत दरबन्दी पछाडि टाँसगरी प्रमाणित गरिएको छ। सबै संगठन संरचना स्वरुपसमेत स्वीकृतगरी नगरसभामा पेशगर्ने निर्णय गरियो।

(५) कर्मचारीको सेवा सुविधा थप गर्ने सम्बन्धमा ः
→ कर्मचारीहरुको हाल दिइरहेको रु २०००।- (दुईहजार) थप सुविधा लाई वृद्धि गरी ~~[illegible]~~ प्रति कर्मचारी प्रति महिना रु ४०००।- (दरबन्दीमा रहेका कर्मचारीहरुले पाउने गरी स्वीकृतीकालागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

(६) चालु खर्चबाट पूँजीगत खर्चमा रकमान्तर गर्ने सम्बन्धमा ः
→ चालु आ.व.को बडागत बजेटमा चालु खर्च तर्फ विनियोजित बजेट लाई पूजिगत तर्फ रकमान्तर गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्न नगरसभालाई सिफारिस गर्ने निर्णय गरियो।

(७) नगर प्रमुख र ७ नं. वडाध्यक्षको बढी भुक्तानी भएको सुविधा सम्बन्धमा
→ यस उप-महानगरपालिकाको निर्णयले विगतमा निर्णय गरी सेवा सुविधा लिई रहेकोमा प्रदेश कानूनले निर्धारण गरेको सेवा सुविधा घटी भई बढी भुक्तानी लिइएको रकम दामासाहिले फिर्ता (मिलान) गरी रहेकोमा बढी रकम मिलान गरी नसकिकन नगर प्रमुख तारा सुब्बाको र ७ नं. वडाध्यक्ष भूपेन्द्रराज मोक्तानको असामाहिक मृत्यु भएकाले बाँहा हरुको मिलान हुन बाँकी रकम मिनाह गर्न नगरसभामा पेश गर्ने निर्णय गरियो ।

(८) अ-व्यवस्थित बसोबास तथा भूमिहिन सुकुम्बासी व्यवस्थापन कार्यविधी २०७९ सम्बन्धमा ः
→ अ-व्यवस्थित बसोबास तथा भूमिहिन सुकुम्बासी व्यवस्थापन समितिले तयार गरी पेश गरेको अ-व्यवस्थित बसोबास तथा भूमिहिन सुकुम्बासी व्यवस्थापन कार्यविधि संसोधन सहित स्वीकृत गरियो । स्वीकृत कार्यविधीमा संसोधनका लागि कार्यपालिका सदस्य हिरा राईको अध्यक्षतामा वडा नं. १७ को वडाध्यक्ष र १४ नं. वडाका वडाध्यक्ष सदस्य रहने निर्णय गरियो।
(क) साथै वडा नं. १० को अध्यक्ष श्री सुब्बा समेत सदस्य रहने ।
(ख) सामुदायिक विद्यालयहरु निर्माण गर्दा कन्टीजेन्सी र मर्मतकोष को रकम नलिने निर्णय गरियो ।

(१०) निर्णय नं. १० पछाडि छ।

(१०) सम्मान तथा पुरस्कार दिने सम्बन्धमा :

→ सर्वोच्च शिखर आरोहि धरान-१६ निवासी देउराली चाम्लि. कु. लाई पर्यटन विकास समितिको सिफारिस बमोजिम चालु आ.व.को पर्यटन क्षेत्रको बजेटबाट रु १०००००/- नगद पुरस्कार दिने साथै सम्मान गर्ने निर्णय गरियो।

(११) घरनक्सापास सम्बन्धमा :

**तला संख्या र संधियारतर्फ छाड्नु पर्ने न्यूनतम सेटव्याक**

"बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड २०७२" को १३.७ घ अनुसार १७ मिटर भन्दा अग्ला जुनसुकै भवनहरुको उचाइ र सँधियार तर्फको सेटब्याकको अनुपात ४:१ हुने गरी तर न्यूनतम सेटव्याक ५ मीटर भन्दा कम नहुने गरी स्वीकृति दिइने प्रावधान उल्लेख भएको हुनाले मुख्य व्यापारिक क्षेत्रमा जग्गाको अभावमा माथि उल्लिखित सेटव्याकको प्रावधानले व्यापारिक भवनहरु बन्न नसक्ने अवस्था रहेकोले धरान उपमहानगरपालिकाको "भवन तथा योजना मापदण्ड २०५६ (परिमार्जन २०७०)" मा उल्लेख भएको मुख्य व्यापारिक क्षेत्र तथा व्यापारिक क्षेत्रमा मिति २०७२।०६।१३ भन्दा अगाडी कित्ताकाट भएको जग्गामा बनिने व्यापारिक भवनहरुको संधियारतर्फको न्यूनतम सेटव्याक तपसील बमोजिम कायम गर्ने निर्णय गरियो ।

- ४ र ५ तला अग्लो भवनका लागि झयाल राख्ने भए २ मी. तथा झयाल नराख्ने भए सीमानाबाट उठाउन पाइने । ४ र ५ तलादेखि माथिल्लो तलामा सिडी छोप्ने भागसहित एउटा कोठा निकाल्न पाइने ।
- ६ तला अग्लो भवनका लागि झयाल भए पनि नभए पनि २ मी. । ६ तलादेखि माथिल्लो तलामा सिडी छोप्ने भागबाहेक अन्य कोठाहरु निकाल्न पाइने छैन ।
- ७ तला र सोभन्दा अग्लो भवनका लागि भवनको उचाइ र संधियारतर्फको सेटव्याकको अनुपात ४:१ हुने गरी तर न्यूनतम सेटव्याक ५ मीटर भन्दा कम नहुने । ७ तलादेखि माथिल्लो तलामा सिडी छोप्ने भागबाहेक अन्य कोठाहरु निकाल्न पाइने छैन ।

यस्ता भवनले अनिवार्य रुपमा पार्किंगको व्यवस्था, पानी पुर्नभरणको व्यवस्था तथा कम्तिमा १० वटा भवनलाई संरचनागत रुपमा असर नपर्ने खालका रुखहरु हुर्काई हरित आवासको रुपमा निर्माण भएको हुनुपर्नेछ भने जग्गा उपयोग प्रतिशत बढीमा ५० प्रतिशत हुनुपर्नेछ ।

मिति २०७२।०६।१३ भन्दा पछाडी कित्ताकाट भएका जग्गामा बनिने व्यापारिक भवनहरुको हकमा भने "बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड २०७२" को १३.७ क,ख,ग,घ अनुसार नै हुनेछ ।

निर्णय प्रमाणित ०७५।३।६